मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप

बागमती प्रदेश, नेपाल

फोन: ०४८-५४०११२

प.सं. कृषि-०७७/७८

## साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) स्थापना कार्यक्रम माग गर्ने सम्बन्धी सुचना ।

**प्रथम पटक प्रकाशित मिति २०७७/११/१६**

मन्थली नगरपालिकाको आ.व. ०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) स्थापना कार्यक्रम सञ्चालन हुने भएकोले यस कार्यालयमा दर्ता/सूचिकृत भएका कृषि फर्म, कृषक समूह, कृषि सहकारी, जल/वन उपभोक्ता समितिलाई यो सूचना प्रकाशन भएको मितिले १५ दिन मिति २०७७/१२/०१ गतेभित्र कार्यालय समयमा आवश्यक कागजातहरु सहित वडा कार्यालय वा मन्थली नगरपालिकाको कृषि विकास उपशाखामा आवेदन दिनु हुन सूचित गरिन्छ । म्याद समाप्त भए पश्चात् प्राप्त भएका र रीतपूर्वक पेश नभएका आवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

| क्र.सं. | कार्यक्रम विवरण | इकाई | परिमाण | अनुदानको विवरण |
|---|---|---|---|---|
| १ | खाद्यन्न बाली | रोपनी | ३०० | कार्यक्रम प्रकृति अनुसार ५०% देखि १००% सम्म । |
| २ | तरकारी | रोपनी | १४० | |
| ३ | फलफुल | रोपनी | १४० | |

**आवश्यक कागजातहरु:**

१. कार्यक्रम माग गर्ने सम्बन्धी निवेदन ।
२. संस्था दर्ता/नविकरण प्रमाण-पत्र प्रतिलिपि ।
३. जग्गा धनी पुर्जा बमोजिम जग्गाको कित्ता नं. सहितको क्षेत्रफल विवरण ।
४. सहकारी संस्थाको हकमा मन्थली नगरपालिकामा सूचिकृत/अद्यावधिक गरेको पत्रको प्रतिलिपि ।
५. कार्यक्रममा दोहोरोपना नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा उल्लखित सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
६. सिंचाई, सडक, विद्युत, सेवा प्रदायक संस्था लगायतका पूर्वाधारहरुको विवरण ।
७. तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको/हुन सक्ने वा एउटै गाउँ/टोल/बस्ती/क्लस्टर विवरण ।
८. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअलको पकेट स्थापना अनुसुची ६, ७, १० बमोजिमको विवरण । (अनुसुचीहरु सम्वन्धित वडा कार्यालय वा नगरपालिकाको वेबसाइट www.manthalimun.gov.np बाट प्राप्त गर्न सकिन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

"स्वच्छ र सक्षम निजामती प्रशासनः समृद्धि र सुशासन"

Email: ito.manthalimun@gmail.com, manthalinapa071@gmail.com Website: www.manthalimun.gov.np